# ब्रुक्पा अम्थो (Amdo, Hbrogpa)




**Population:**
583,700 (2000)
719,200 (2010)
886,000 (2020)
**Countries:** China
**Buddhism:** Tibetan
**Christians:** 100

## संक्षेप:

**अन्य नामहरू:** Brogpa, Made, Anduo, Ngambo

**जनसंख्या:**
चीनः १३,६५,००० (PeopleGroups.org)

**भाषा-परिवार:** चीनी-तिब्बती, तिब्बती-बर्मी, भोटी, भोटिया, उत्तरी तिब्बती भाषा

**उपभाषाहरू:** १५

**बुद्ध धर्म:** ९९%

**इसाई धर्म:** ०.१%

**बाइबल:** छ

**येशू चलचित्र:** छ

**सुसमाचारिय रेकर्डिङ:** अम्थो, शङ्, अन्थो

**ख्रीष्टिय प्रसारण:** छैन

सुसमाचारको अवस्था




करिब १३ लाख अम्थो मानिसहरू ब्रुक्पा भाषा बोल्दछन्। यिनीहरू विशाल क्षेत्रफल र पातलो जनसङ्ख्या भएको पूर्वी चिङ्गहाइ प्रान्तमा चिङ्गहाइ–कन्सुको सिमानासम्म बस्दछन्। यिनीहरू थोरै सङ्ख्यामा दक्षिण–पश्चिमी कन्सु प्रान्त र उत्तरी शिचुआनको नजिकको केही भागहरूमा पनि बसोबास गर्छन्।

ब्रुक्पा भन्ने शब्दको अर्थ फिरन्ते गोठाला हो र अम्थो जातिले बोल्ने चार वटा मुख्य भाषाहरूमा अधिकांश मानिसहरूले बोल्ने भाषाको नाम पनि हो। यिनीहरूलाई आधिकारिक रूपमा तिब्बतीहरूको सूचीमा राखिएको छ।

सन् १९४९ को अघि धेरै वटा ख्रीष्टिय संस्थाहरू अम्थोहरूको बीचमा काम गर्दै आएका थिए। सन् १८८८ मा चीन इङ्ल्याण्ड मिशनको मिशनरी शिशील पोहेल (Cecil Pohil) ले शिनिङ्ग (Xining) भन्ने ठाउँमा सेवा सुरु गर्नुभयो। त्यसपश्चात् तिब्बतीय सेवाहरूको केन्द्रको रूपमा सोङ्पान (Songpan) लाई छानेर काम गर्न थाल्नुभयो। सन् १९२२ मा प्रकाशित विवरणमा यसरी लेखिएको थियो, "मानिसहरूको मन जित्न सकिरहेको छ, र धेरैले उद्धारको बारेमा स्पष्ट रूपमा बुझ्न पाएका छन्।" सन् १९८६ को विवरणमा यसरी लेखिएको थियो। "चीनको नयाँ वर्षको दिनमा कन्सु प्रान्तको केही ख्रीष्टिय परिवारहरू आराधनाको लागि भेला भए। उनीहरूको छिमेकीहरूले इसाईत्त्वलाई




जरासहित उखेल्ने विचार लिएर उनीहरूलाई त्यहाँबाट निस्की जान आज्ञा गरे। तर तिनीहरूले आराधनाको सेवालाई नरोकेको देखेर त्यो भीडले तिनीहरूलाई कठोर तरीकाले आक्रमण गऱ्यो। भोलिपल्ट बिहान त्यो आक्रमण गर्नेहरूको भेडा–बाख्रा र घोडाहरू मर्न थाले र तिनीहरूको परिवारको सदस्यहरू पनि एकपछि अर्को गरी मर्न थाले। परमेश्वरको क्रोध आफूहरूमाथि आएको थाहा पाएर, तिनीहरू इसाईहरूकहाँ आएर आफ्नो लागि प्रार्थना गरिदिन बिन्ती गरे। परमेश्वरले उहाँहरूको प्रार्थना सुन्नुभयो, बिरामीहरू र मृत्युको मुखमा पुगेकाहरू पनि निको भए। यसको परिणामस्वरूप १०० जना अम्थोहरूले उद्धार पाए।" यी दिनहरूमा अम्थो तिब्बतीहरूको बीचमा करिब पाँच वटा सानो मण्डलीहरू छन्। दक्षिणी कन्सुको लिन्यन् जिल्लामा भएको एउटा मण्डलीमा २०० जना चोनी तिब्बतीहरू आराधनाको लागि भेला हुन्छन्।